# १ स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर

*यस अध्यायका मूल पदहरू:* यर्मिया २३:२३,२४, भजन ८९:१४, प्रकाश ४, प्रकाश ५, भजन ११:४-७, व्यवस्था २५:१, हिब्रू ८:१,२।

*हृदयंगम गर्नुपर्ने पद:* "'अनि स्वर्गबाट तिनीहरूको पुकार सुन्नुहोस्। त्यो तपाईं रहनुभएको स्थान हो। तिनीहरूको प्रार्थना सुनिदिनुहोस्। तपाईंको निगाहा पाउन जब तिनीहरूले विन्ति चढाउँछन् तब कृपया गरि त्यसलाई सुनिदिनुहोस्।'" १ राजा ८:४९ रूपान्तरित)।

"बुवा, परमेश्वर कहाँ बस्नु हुन्छ?" एक जना अबोध छ वर्षको छोराले आफ्नो बाबुलाई सोध्यो। सानो बालकको प्रश्नै भएतापनि त्यो त्यसको जवाफ कठिन भएको कसले नस्वीकार्ला? किनभने यदि त्यस प्रश्नको जवाफ दिन प्रयत्न गरियो भने अझ बढि अरू जटिल प्रश्नहरू खडा हुन जान्छन्, जस्तै, "यदि परमेश्वर एक ठाउँमा घर गरेर बस्नुभयो भने उहाँ सबै ठाउँमा हुन वा सर्वव्यापी हुन कसरी सम्भव छ?" वा "यथार्थमा के परमेश्वरलाई बस्ने ठाउँ चाहिन्छ त?" वा, यदि उहाँलाई बस्ने घरको आवश्यकता छैन भने स्वर्गमा किन उहाँको पवित्र मन्दिर वा बस्ने घर छ त?" वा "यदि उहाँलाई बस्ने घरको आवश्यकता नै छ भने, त्यो आवश्यकता किन भयो त?"

ती प्रश्न वा जिज्ञासाहरू जायजै देखिन्छ। तर हामीहरूको अल्पज्ञानले ती प्रश्नका जवाफहरू दिन त्यत्ति सजिलो छैन।

तैपनि हामीलाई भएको आत्मज्ञान अनुसार केहि जिज्ञासाहरू मेत्न सक्दछौं। हामी सेभन्थ-डे एडभेन्टिस्ट इसाई भएको हैसियतले बाइबल अनुसार हामीलाई यो थाहा छ कि उहाँ स्वर्गमा बस्नुहुन्छ। हामीहरू उहाँको राज्य हकदार हुनसकौं भनेर स्वर्गमा उहाँ कठोर परिश्रम गरिरहनुभएको छ भन्ने आत्मज्ञान हामीलाई छ। र अनि उहाँको त्यस कामको केन्द्रविन्दु स्वर्गमा भएको पवित्र मन्दिर हो भन्ने ज्ञान हामीलाई दिइएको छ।

बाइबल स्पष्ट छ। स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर कुनै काल्पनिक वा हावादारी नभएर साँच्चिकै स्थान हो। त्यस

मन्दिरको ज्ञानले हामीलाई हाम्रो परमेश्वरको स्वभाव कामलाई झल्काएको सिक्न सक्छौं। त्यसकारण, स्वर्गको पवित्र मन्दिरको बारेमा र त्यहाँ हाम्रो निम्ति परमेश्वरले के काम गरिरहनुभएको छ भन्ने विषयवस्तुको बारेमा अध्ययन गर्ने यस अध्यायको लक्ष्य हो। यथार्थमा भन्ने हो भने परमेश्वरले उहाँको पवित्र भवनमा जे गरिरहनुभएको छ त्यो हाम्रै लागि हो।

## १. परमेश्वरको पवित्र भवन (१ राजा ८:४९)

"परमेश्वर सर्वत्र हुनुहुन्छ" भनेर हामी प्रायजसो भन्छौं। अर्थात् उहाँ "सर्वव्यापी हुनुहुन्छ" जसको अर्थ सारा जगतमा उहाँ जताततै हुनुहुन्छ भन्नु हो। "के तिमीहरूको नजिक हुने परमेश्वरमात्र म हुँ र?......के म टाढाको परमेश्वर पनि होइन र?....के म स्वर्ग र पृथ्वीमा भर्दिन र?" भनेर आफ्नो स्वभावलाई अगमवक्ता यर्मियामार्फत व्यक्त गर्नुहुन्छ (यर्मिया २३:२३,२४ रूपान्तरित)। आफूले रचेका भजनहरूमार्फत राजा दाउदले पनि यो बुझेका छन् कि कोही पनि मानिस परमेश्वरबाट लुक्न र भाग्न सक्दैन (भजन १३०)। अध्यायत्मिक रूपमा परमेश्वर सबैको सामु नजिक हुनुहुन्छ भनेर प्रेरित पावलले जिकिर गर्दछन् (प्रेरित १७:२७,२८)

तर परमेश्वर सर्वव्यापीमात्र नभएर उहाँ अजम्मरी पनि हुनुहुन्छ। उहाँको न सुरू छ न त अन्त्य नै (भजन ९०:२)। उहाँ सदासर्वदा हुनुहुन्थ्यो र त्यसरी नै उहाँ रहिरहनुहुनेछ (यहूदा २५)।

**परमेश्वर रहनुभएको स्थानको बारेमा दिइएको देहायका पदहरूले हामीलाई के सिकाउँदछन्? त्यसको अर्थ हामीले कसरी बुझ्ने वा बुझ्न सक्दछौं त? १ राजा ८:४९,५० "तिनीहरूको बिन्ती सुन्नुहोस्। आफ्नो बासस्थान स्वर्गमा तिनीहरूको बिन्ती सुनेर तिनीहरूमाथि कृपा गर्नुहोस्। ५० तपाईंको विरुद्धमा गरेका तिनीहरूका सबै पाप र विद्रोहहरू क्षमा गरिदिनुहोस् र तिनीहरूसित तिनका शत्रुहरूलाई दयाको व्यवहार गर्न लगाउनुहोस्।" र भजन १०२:१९, "अग्लोमा रहेको आफ्नो पवित्रस्थानबाट परमप्रभुले उँधो हेर्नुभयो, उहाँले स्वर्गबाट पृथ्वी हेर्नुभयो।"**

परमेश्वर रहनुहुने स्थान स्वर्गमा छ भनेर बाइबलले हामीलाई सिकाउँदछ (१ राजा ८:३०,४३,४९)। त्यसको अर्थ के परमेश्वर

स्वर्गमा धेरै बस्नुहुन्छ र सर्वव्यापी हुन उहाँलाई फुर्सद छैन भन्ने हो त? आखिरमा यो सत्य हो कि स्वर्गमा उहाँ विशेष गरेर रहनुहुन्छ र त्यहाँ उहाँ आफ्नै महिमामा उपस्थिति हुनुहुन्छ र उहाँ विशुद्ध रूपमा पवित्रतासाथ रहनुहुन्छ। परमेश्वरको उपस्थिति कसरी हुन्छ भन्ने उत्कृष्ट उदाहरण हेर्ने हो भने स्वर्गमा हुने उहाँको उपस्थितिलाई हेर्नुपर्दछ।

तर साधारणतया परमेश्वरको उपस्थिति र उहाँको विशेष उपस्थितिको बीचमा भारी अन्तर छन् भन्ने आत्मज्ञानलाई सोच्नु पर्दछ। सर्वव्यापीरूपमा परमेश्वरको उपस्थिति सामान्य हो। तर स्वर्गमा र स्वर्गको पवित्र भवनमा उहाँ विशेष रूपमा उपस्थिति भएर आफूलाई देखाउन चाहनु उहाँको निर्णय हो।

परमेश्वरको भौतिक स्वभावको बारेमा भएको हाम्रो ज्ञान सिमित छ भन्ने कुरालाई हामीले स्वीकार्नै पर्दछ। उहाँ परमात्मा हुनुहुन्छ (यूहन्ना ४:२४)। उहाँलाई कुनै भवन वा स्थानको सीमाभित्र राख्न सकिन्न (१ राजा ८:२७)। यद्यपि, स्वर्ग (यूहन्ना १४:१-३) र स्वर्गमा भएको पवित्र भवन काल्पनिक नभएर साँच्चिकै वा वास्तिविक हो भनेर बाइबलले स्पष्ट रूपमा दावी गर्दछ (हिब्रू ८:२)। ती पवित्र स्थानहरू परमेश्वरको प्रत्यक्ष उपस्थिति भएको दर्शन उहाँका जनहरूले यसै संसारमा पाएका थिए (प्रेरित ७:५५,५६, प्रकाश ४:२,३)। त्यसकारण परमेश्वरले आफ्ना जनहरूलाई भेट्ने ठाउँ स्वर्ग र स्वर्गमा रहेको पवित्र मन्दिर हुन् भन्ने विद्यालाई विश्वास गर्नुको विकल्प अरू छैन।

**अध्यात्मिक ज्ञानहरूको बारेमा सोच्दा कतिपय ज्ञानहरू बुझ्न कठिन भएको हामी स्वीकार्दछौं। त्यस मध्ये त परमेश्वरको बस्ने स्थान त झनै हो। तर उहाँ निरन्जजन निराकार भएर कतै बिलाएर बस्ने नभएर उहाँ रहने स्थान वास्तविक हो भनेर बाइबलले जतातते उल्लेख गरेको पाइन्छ। कतिपय ज्ञानहरू हामीलाई स्पष्ट नभएतापनि वा बुझ्न गाऱ्हो भएतापनि बाइबलले सिकाएको वचनमा भरोसा राख्नु पर्छ भन्ने आत्मज्ञान कसरी आत्मसात् गर्ने? हामीले नबुझेतापनि कतिपय कुराहरूलाई विश्वास गर्नु पर्छ भनेर सिक्नु किन महत्त्वपूर्ण छ?**

## २. परमेश्वरको सिहाँसन भएको कोठा (भजन ४७:६-९)

न त परमेश्वर न त उहाँको सिहाँसन कुनै हावादारी, काल्पनिक नभएर यथार्थ हुन् भनेर देहायका पदहरूले बताएकोमा तपाईं के भन्नुहुन्छ? भजन ४७:५-९, "परमेश्वर आफ्नो सिंहासनमा गएर बस्नुहुन्छ, उहाँ त्यसरी जानुहुँदा आनन्दका सोर उठ्छन् र तुरहीहरू बज्छन्। ६ परमेश्वरको प्रशंसाको भजन गाओ, हाम्रा राजाको प्रशंसाको गाओ। ७ सारा संसारमाथि परमेश्वर राजा हुनुहुन्छ, भजन गाएर उहाँको प्रशंसा गर! ८ परमेश्वर आफ्नो पवित्र सिंहासनमा विराजमान हुनुहुन्छ, उहाँले सबै देशहरूमाथि राज्य गर्नुहुन्छ। ९ अब्राहामका परमेश्वरका प्रजासँग देश-देशका राजाहरू भेला हुन्छन्,

सबै सेनाहरूभन्दा उहाँ अझ सामर्थी हुनुहुन्छ, उहाँ सबैभन्दा सर्वोच्च भएर राज्य गर्नुहुन्छ।", भजन ९३:१,२, "परमप्रभु राजा हुनुहुन्छ। उहाँले शक्ति र गौरव पहिरनुभएको छ। पृथ्वीको जग बलियो बसालिएको छ र हटाउन सकिंदैन। २ हे परमप्रभु, तपाईंको सिंहासन सुरुदेखि बलियो गरी राखिएको छ, समय सुरु हुनुभन्दा अघि तपाईं हुनुहुन्थ्यो।" र भजन १०३:१९ "परमप्रभुले स्वर्गमा आफ्नो सिंहासन राख्नुभो,

सबैमाथि उहाँले राज्य गर्नुहुन्छ।"

पवित्रता, धर्मपरायणता, न्यायोचित, इमान्दार, निष्पक्ष, प्रेम र सत्यवादलाई समेटेर परमेश्वरले शासन गर्नुहुन्छ। मानविय संसारमा उहाँले कस्तो काम गर्नुहुन्छ र सारा जगतमा उहाँको स्थान कस्तो छ त्यसले उहाँको चरित्रलाई चित्रण गर्दछ। परमेश्वरका जनहरू हौं भन्ने दावी गर्नेहरूले पनि त्यहि चरित्रलाई देखाओस् भन्ने परमेश्वरको परम चाहना हो (मीका ६:६-८ "परमप्रभु स्वर्गका परमेश्वरलाई पुज्न आउँदा म उहाँकहाँ के लिएर आऊँ?के असल बाछाहरू बलि चढाउन लिएर आऊँ? ७ मैले हजारौं भेडाहरू वा बगेर नसकिने खोलाझैं जैतुनको तेल ल्याएँ भने परमप्रभु खुसी हुनुहुन्छ? के म उहाँलाई मेरो पापको लागि जेठो छोरो चढाऊँ? ८ अँहँ, होइन! के कुरो असल छ, प्रभुले हामीलाई बताउनुभएको छ। हामीबाट उहाँले यी कुरा चाहनुहुन्छ; जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू र आफ्ना परमेश्वरअघि नम्रतासाथ जीवन बिताउनू।" र यशैया ५९:१४ अनुसार

परमेश्वर केमा दुःखी हुनुहुन्छ सोच्नुहोस् "न्यायलाई पन्छाएका छौं, ठीक कुरा छेउमा आउन सक्दैन। सत्यचाहिँ बाटोमा ठक्कर खाएर लड्छ, त्यहाँ इमानदारीको लागि ठाउँ छैन।" १५ इमानदारी यति थोरै छ कि दुष्कर्म छोड्ने अरूको शिकार बन्दछ। परमप्रभुले यी सबै देख्नुभएको छ र न्याय नभएकाले उहाँ दुःखी हुनुहुन्छ।") परमेश्वरको चरित्रलाई प्रतिविम्ब गर्ने अवसर हाम्रो निम्ति विशेष सम्मानको विषय हो र साथै उहाँको भक्त हुँदा त्यो हाम्रो अधिकार पनि हो।

"परमेश्वरले निर्धारण गर्नुभएको प्राकृतिक नियमहरूलाई पालन गरेर पृथ्वीले आफ्नो बहुमूल्य खजाना देखाउनु पर्दछ। त्यहि किसिमले परमेश्वरको नैतिक व्यवस्था (दस आज्ञाहरू) पालन गरेर उहाँका जनहरूले उहाँको चरित्रलाई देखाउनु पर्दछ।"-एलेन जी ह्वाइट, *एडभेन्टिस्ट होम,* पृ. १४४बाट रूपान्तरित।

**दुष्ट, अन्याय, अत्याचार, अधर्म र आतङ्कले मच्चिएको यस संसारमा हामीले धार्मिकता, पवित्रता, न्याय, सर्वोहित जस्ता गुणहरूलाई अझ उचित तरिकासाथ हामीले कसरी देखाउने? ती गुणहरूलाई येशूभक्त भनेर दावी गर्नेहरूले किन देखाउनै पर्दछ?**

## ३. स्वर्गमा हुने परमेश्वरको आराधना (प्रकाश ४)

**स्वर्गमा परमेश्वर विराजमान हुनुहुने भवन छ र त्यहाँ हुने क्रियाकलापले मुक्तिको अवधारणालाई देखाउँदछ भनेर देहायका पदहरूले कसरी बताउँदछन्, हेर्नुहोस्ः प्रकाश ४, "१ यसपछि मैले अर्को दर्शन पाएँ र स्वर्गमा खोलिराखेको एउटा ढोका देखें। मैले पहिले सुनेको सोर तुरहीको जस्तो आवाजमा यसो भन्दै मसित बोलिरहेको मैले सुनें, "यता उक्लेर आऊ अनि यसपछि हुन आउने कुराहरू म तिमीलाई देखाउनेछु।" २ त्यति नै खेर म आत्माले भरिपूर्ण भएँ। स्वर्गमा एउटा सिंहासन राखेको थियो र त्यसमा एक जना विराजमान् हुनुहुन्थ्यो। ३ उहाँको मुहारचाहिँ सेता र राता-राता चम्कने मणिहरूजस्तो सुन्दर देखिन्थ्यो र सिंहासनको वरिपरिचाहिँ टल्कने पन्ना रङ्गको एउटा इन्द्रेणी थियो। ४ मूल सिंहासनको वरिपरि चौबिसवटा अरू सिंहासनहरू थिए र ती सिंहासनहरूमा सुनका मुकुट र सेता पोशाक लगाएका चौबिस जना धर्म-गुरुहरू बसिरहेका थिए। ५ मूल सिंहासनबाट बिजुली चम्कन्थ्यो,**

गड्याङ्-गुडुङको गर्जन निस्कन्थ्यो। सिंहासनको अगाडि आगोको सातवटा राँका बलिरहेका थिए, जुन परमेश्वरका सात आत्मा हुन्। ६ सिंहासनको अगाडि सिसाजस्ता छर्लङ्गै देखिने समुद्र थियो। आँखै-आँखा भएका चारवटा जीवित प्राणीहरूले सिंहासनको अगाडि र पछाडि र वरिपरि घेरेका थिए। ७ पहिलो जीवित प्राणी सिंहजस्तो देखिन्थ्यो, दोस्रो गोरुजस्तो थियो, तेस्रो जीवित प्राणीको चेहरा मान्छेको जस्तो थियो र चौथो जीवित प्राणी उडिरहेको गरुडजस्तो थियो। ८ ती चारवटा जीवित प्राणीहरूका छ-छवटा पखेटा थिए र ती पखेटाहरूका बाहिर र भित्र दुवैपट्टि आँखाहरूले भरिएका थिए। रातदिन उनीहरूले नरोकीकन यसो भन्दै गीत गाइरहेका थिए, ××'सर्वशक्तिमान् परमप्रभु परमेश्वर पवित्र, पवित्र, पवित्र हुनुहुन्छ। उहाँ हुनुहुन्थ्यो, उहाँ हुनुहुन्छ र उहाँ हुनुहुनेछ।' ९ सदासर्वदा जीवित रहनुहुने अनि सिंहासनमा विराजमान् हुनुहुनेलाई ती चारवटा जीवित प्राणीहरूले सम्मान्, आदर र धन्यवादको गीत गाइरहेका थिए। १० उनीहरूले गीत गाउँदा-गाउँदै सदासर्वदा जीवित अनि सिंहासनमा विराजमान् हुनुहुनेको अगाडि ती चौबिस जना धर्म-गुरुहरूले दण्डवत् गरे र आफ्ना मुकुट उहाँको चरणमा टक्र्याउँदै यसो भने, ११ "हे हाम्रा प्रभु परमेश्वर, तपाईं सम्मान्, आदर र अधिकारको योग्यको हुनुहुन्छ किनभने सबै तपाईंले नै सृष्टि गर्नुभएको हो र तपाईंकै इच्छाअनुसार ती हुन आए र जीवन पाएका छन्।" र प्रकाश ५, "१ सिंहासनमा विराजमान् हुनुहुनेको दाहिने हातमा मैले एउटा बेरिएको कागजको मुट्ठा देखें। त्यो कागजको मुट्ठाको भित्र र बाहिर दुवैपट्टि लेखिएको थियो र त्यसलाई सातवटा मोहर लगाएर बन्द गरिएको थियो। २ अनि परमेश्वरका एक जना शक्तिशाली दूत मैले देखें। ठूलो सोरले उनले यसो भनेर सोधे, "यो मोहर तोडी कागजको मुट्ठा खोल्न को योग्य छ?" ३ तर स्वर्गमा, पृथ्वीमा अनि पातालमा कागज खोलेर भित्र हेर्न सक्ने कोही पनि थिएन। ४ यसो हुँदा म धेरै रोएँ, कारण कागजको मुट्ठा खोलेर हेर्न कोही योग्यको पाइएन। ५ एक जना धर्म-गुरुले मलाई भने, "नरोऊ, हेर, यहूदा कुलको सिंह, जो दाऊदका वंशका महान् हुनुहुन्छ, उहाँ विजयी हुनुभएको छ र सातवटा मोहर तोडी त्यो कागजको मुट्ठा खोल्न सक्नुहुन्छ।" ६ त्यसपछि मैले चार जीवित प्राणीहरू र धर्म-गुरुहरूले घेरेको त्यो सिंहासनको बीचमा एउटा थुमा उभिरहेको देखें।

यो थुमाचाहिँ मारिएको जस्तो देखिन्थ्यो। त्यसका सातवटा सिङ र सातै आँखा थिए जुनचाहिँ सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ अघि बढेर थुमाले सिंहासनमा विराजमान् हुनुहुनेको दाहिने हातबाट त्यो कागजको मुट्ठा लिनुभयो। ८ त्यति नै खेर ती चारवटा जीवित प्राणीहरू र चौबीस जना धर्म-गुरुले थुमाको चरणमा दण्डवत् गरे। प्रत्येकको हातमा एउटा वीणा र धूपको सुबासनाले भरिएको सुनको बटुको थियो। ती धूपका बास्नाचाहिँ परमेश्वरका भक्तहरूका बिन्ती-प्रार्थनाहरू हुन्। ९ उनीहरूले यसो भनेर एउटा नयाँ गीत गाए, "यस कागजको मुट्ठा लिन र यसका मोहर तोडेर खोल्न तपाईं मात्र योग्य हुनुहुन्छ किनभने तपाईं मारिनुभयो र आफ्नो रगतले सबै कुल, भाषा, देश र जातिबाट परमेश्वरको लागि मानिसहरूलाई किन्नुभयो। १० त्यसबाट हाम्रा परमेश्वरका सेवा गर्नलाई पूजाहारीको एउटा राज्य खडा गर्नुभयो अनि तिनीहरूले संसारमाथि राज गर्नेछन्।" ११ फेरि मैले हेरें र करोडौं स्वर्गदूतहरू गाइरहेका सुनें। १२ उनीहरूले मूल सिंहासन, चार जीवित प्राणीहरू र धर्म-गुरुहरूको वरिपरि उभी गाइरहेका थिए: "बलि भई मारिनुभएका थुमा अधिकार, धन, बुद्धि, बल, मान, आदर र जयजयकार लिन योग्यको हुनुहुन्छ!" १३ स्वर्ग, पृथ्वी, पाताल र समुद्रमा सबै प्राणीले यो गीत गाइरहेका मैले सुनें, "सिंहासनमा विराजमान् हुनुहुने र थुमालाई सदासर्वदा जयजयकार, आदर, सम्मान् र अधिकार भइरहोस्!" १४ अनि ती चारवटा जीवित प्राणीहरूले, 'आमेन' भनेर जवाफ दिए अनि धर्म-गुरुहरूले चाहिँ दण्डवत् गर्दै आराधना गरे!"

प्रभुको वयोवृध्द चेला यूहन्नाले दर्शनमा देखेको स्वर्गमको सिहाँसन भएको बैठक नै स्वर्गमा भएको पवित्र मन्दिर थियो। मन्दिरमा हुने यहूदीहरूको धार्मिक विधिले उपरोक्त भनाईलाई स्पष्ट रूपमा पुष्टि गर्दछ। बाइबलको प्रथम् भाग अर्थात् पुरानो करारलाई विभिन्न भाषामा उतारिएतापनि धेरै पुरानो ग्रीक वा यूनानी भाषामा अनुवाद गरिएको पुरानो करारलाई धर्मशास्त्रका गुरूहरूले विशेष मान्यता दिएको पाइन्छ। त्यस अनुवादलाई सेप्टजिन्ट भनिन्छ। प्रकाश ४:१मा यूहन्नाले ढोका र तुरहीहरूको बारेमा उल्खेख गरेका छन्। त्यो वर्णन सेप्टजिन्ट बाइबलमा वयान गरिएको पवित्र मन्दिरसँग मिलेको पाइएको छ। प्रकाश ४:३मा उल्लेख गरिएका तिन बहुमूल्य पत्थरहरू मूल

पुजारीको कवचको भाग हुन्। प्रकाश ४:५मा सातवटा पानस बत्तीहरूले राजा सोलोमनले निर्माण गरेका पवित्र मन्दिरमा जडाइका पानसहरूको बारेमा सम्झना गराउँछ। प्रकाश ४:४मा चौबीस जना सेवा गर्ने अगुवाहरूको बारेमा उल्लेख गरिएको छ। त्यसले वर्षभरीमा पुजारीहरूले मन्दिरमा गरिने सेवाकार्यको चौबिस खण्डहरूको याद दिलाउँछ। सुनको बाटामा तिनीहरूले धुप बाल्दथे। त्यो तिनीहरूले गरिने प्रार्थना भेटी थियो भनेर अर्थ लगाउँछ (भजन १४१:२)। पुरानो करार अनुसार यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हुने सेवाकार्यलाई सबै ती पदहरूले औँल्याउँछन्।

प्रकाश ५ अध्यायमा बलि चढाइएको पाठोको बारेमा उल्लेख गरिएको छ। त्यसले हाम्रो पापको निम्ति ख्रीष्ट मरेर बलि हुनुभएकोलाई औँल्याउँछ। मानिसको मुक्तिको निम्ति बलि हुन सक्षम् भएको केवल परमेश्वरको थुमा येशू ख्रीष्टमात्रै हुनुहुन्छ। उहाँ विजयी हुनुभएकोले त्यस पुनित कार्यमा उहाँमात्र योग्य हुनुहुन्छ भनेर प्रमाणित गर्दछ (प्रकाश ५:५)। उहाँ परमेश्वर भएर (प्रकाश ५:१३) हाम्रो निम्ति पापको बलि (प्रकाश ५:९,१२) भएर सैतानमाथि विजय प्राप्त गर्नुभएको थियो।

×"मानव कल्याणको निम्ति आफ्नो जीवनलाई होमिन ख्रीष्टले स्वीकार गर्नुभएको थियो। त्यसकारण उहाँ मानव रूप भएर आउनुभयो। येशूको बलिदानले सारा मानिसले अनन्त जीवन पाउन अवसर मिलेको छ। त्यत्तिमात्र होइन, उहाँको त्यस कदमले गर्दा परमेश्वरको अनुग्रह र शक्तिले प्रत्येक मानिस ख्रीष्टको स्वभावमा पनि परिणत हुन सौभाग्य प्रदान गरिएको छ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक ३, पृ. १४१बाट रूपान्तरित।

प्रकाश ४ र ५ अध्यायले परमेश्वरको सिहाँसन भएको बैठकको बारेमा छर्लङ्ग पारेको छ। त्यसले गर्दा, सारा मानव जातको मुक्तिको निम्ति परमेश्वरले के प्रयास गरिरहनुभएको छ भनेर चित्रण गरेको हामी देख्छौं। उहाँको सिहाँशन वरिपरि भइरहेको क्रियाकलापले ख्रीष्ट र सैतानको बीचमा कस्तो घनघोर संघर्ष भइरहेको छ भन्ने मूल विषयवस्तु हाम्रो अगाडि खडा गराउँदछ।

**ख्रीष्ट जो परमेश्वर आफै हुनुहुन्थ्यो, हाम्रो सट्टामा बलि हुन मानव चोला लिएर आउनुभयो, यस सत्यलाई गम्भिरतापूर्वक सोच्नुहोस्।**

तपाईंले जुन गलत काम गर्नुभएतापनि त्यसको सजायँ तपाईंले नै भोग्नुपर्दछ, त्यो त तपाईंले स्वीकार गर्नुहुन्छ। तर तपाईंले पाउनु पर्ने दण्ड त उहाँमाथि पो पऱ्यो! त्यस आत्मज्ञानले तपाईंको जीवन अझ अर्थमूलक र उपलव्धीमूलक बनाउन किन प्रेरणा दिन्छ?

## ४. अदालतको बैठक (भजन ११:४-७)

परमेश्वरले स्वर्गमा भएको आफ्नो मन्दिरमा अरू के काम गर्नुहुन्छ? त्यसको बारेमा जान्न हामीलाई किन आवश्यक छ? हेर्नुहोस्, भजन ११:४-७, "परमप्रभुआफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ, उहाँको सिंहासन स्वर्गमा छ, उहाँले हरेक ठाउँमा मानिसहरूलाई हेर्नुहुन्छ र तिनीहरूले गरेका काम जान्नुहुन्छ। ५ उहाँले धर्मी र दुष्ट मानिसहरूलाई एकनास जाँच्नुहुन्छ, उहाँले नियम पालन नगर्नेहरूलाई हृदयदेखि घृणा गर्नुहुन्छ। ६ उहाँले दुष्टमाथि बल्दो आगो र गन्धक खन्याउनुहुन्छ, डढाइहाल्ने बतासले तिनीहरूलाई सोतर पार्नुहुन्छ। ७ परमप्रभु धर्मी हुनुहुन्छ र असल कामलाई प्रेम गर्नुहुन्छ, असल काम गर्नेहरू उहाँको सामु जिउनेछन्।" र हबकूक २:२०, "तर परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ। उहाँको सामुन्ने पृथ्वीका सबै मानिसहरू चुप रहून्।"

आफ्ना जनहरूप्रति परमेश्वर अत्यन्त गम्भिर रूपमा चासो लिएर तिनीहरूको हेरविचार गर्नुहुन्छ भनेर भजनका विभिन्न अध्यायहरूले देखाउँदछन्। परमेश्वरको खिलाफमा गलत काम गरेको पनि उहाँले गम्भिर रूपमा चासो राख्नुहुन्छ। त्यस स्वभावले गर्दा कोही मानिस उहाँको सहायताको निम्ति चित्कार गर्दछ भने उसको समस्यालाई ठिक पार्न उहाँले कार्यवाही गर्नुहुन्छ। उक्त मामिलाको बारेमा उहाँले निर्णय लिनहुन्छ र दोषी व्यक्ति फुक्का भएर जान सक्दैन र उसले सजायँ पाउँछ (व्यवस्था २५:१)। त्यस्तो फैसला प्रत्येक न्यायप्रेमी न्यायधिसले गर्ने काम हो।

जब परमेश्वरले न्याय गर्नुहुन्छ तब त्यसबेला सिहाँसन बैठक अदालतमा परिणत हुन्छ र उहाँको सिहाँसनचाहिँ न्याय गर्ने आसन हुन्छ। जो व्यक्ति सिहाँसनमा विराजमान हुनुहुन्छ त्यो न्याय गर्ने व्यक्ति

हुन्छ (भजन ९:४-८)। वर्तमान इस्राएल देशको पुरानो समयमा राज गर्ने राजाहरू न्यायधिस भएर पनि जनताको सेवा गर्दथे।

जब परमेश्वरले न्याय गर्नु हुन्छ त्यसबेला दुष्ट र धर्मीहरूलाई समावेश गरिएको हुन्छ। जसरी सोडोम र गोमराका शहरहरूमा आगो पठाइएर नाश गरेको थियो, त्यहि गति दुष्ट, खराब, अत्याचारी स्वभाव भएका मानिसहरूको पनि हुनेछ। तर धर्मीहरूचाहिँ परमेश्वरको आशिष पाएर आनन्द मनाउनेछन् (भजन ११:६,७)। परमेश्वरको सिहाँसनको बैठक र न्यायको बारेमा उहाँको अगमवक्ता दानिएलले उल्लेख गरेका महत्त्वपूर्ण पदहरू हामी पछि अध्ययन गर्नेछौं (दानिएल ७:९-१४)। परमेश्वर न्यायको आसनमा बस्नुभएपछि उहाँले गर्ने फैसलामा दुई भाग हुन्छ। सन्त वा परमेश्वरलाई ग्रहण गरेर न्यायोचित जीवन बिताउँछन् तिनीहरूलाई "दोषमुक्त वा निरपराधी" भनेर घोषणा गर्नुहुन्छ भने परमेश्वरका बैरीहरूलाई "अपराधी वा दोषी" ठहर भएको भनेर फेसला सुनाउनुहुन्छ।

हबकूकको पुस्तकमा परमेश्वरको अगमवक्ता यस संसारमा भइरहेको अन्याय, अत्याचारप्रति परमेश्वर किन मौन रहनुभयो भनेर उहाँलाई दुखेसो पोखाउँछन् (हबकूक १)। त्यसको प्रत्युत्तरमा तिनीहरूको न्याय गरिनेछ भनेर परमेश्वरले जवाफ दिनुहुन्छ (हबकूक २:१-५)। कालिगढहरूले बनाएका पत्थर, काठ, सुनचाँदी वा ढलौतका मुर्तीहरूमा न त सास हुन्छ न त आत्मा नै (हबकूक २:१९) जसमा केही गर्ने क्षमता हुँदैन। तर सृष्टिकर्ता परमेश्वर स्वर्गको आफ्नो पवित्र मन्दिरको सिहाँसनमा बस्नुहुन्छ र उहाँ न्याय गर्न तयारी गर्नुहुन्छ।

"सारा पृथ्वी मेरो (परमेश्वर) सामु मौन बस" (हबकूक २:२०) भनेर सचेत गरिएको छ। अर्को अर्थमा भन्ने हो भने परमेश्वरको शासन र न्यायमा पृथ्वीका बासिन्दाहरू आदरसाथ चुपचाप रहनुपर्दछ।

जुन स्थानमा परमेश्वर विशेष रूपमा उपस्थिति हुनुहुन्छ र स्वर्गका जीवहरूले उहाँको उपासना गर्दछन् त्यही स्थानबाट सारा मानव जातको निम्ति धर्मी र सत्य न्यायको फैसला गरिरहनुभएको हुन्छ। त्यो स्थान हो, स्वर्गमा रहेको परमेश्वरको पवित्र मन्दिर। परमेश्वर न्यायोचित र निष्पक्ष हुनुहुन्छ। हाम्रो समयमा होइन, हामीमा

भएका न्यायका जिज्ञासाहरूका जवाफ परमेश्वरले आफ्नै समयमा दिनुहुनेछ।

**यस संसारमा भएका अनेकौं अन्याय अत्याचारको अन्त्य हुन हामी चित्कार गर्दछौं। तर हाम्रै समयमा न्याय भइरहेको हामी देख्दैनौं। त्यसकारण परमेश्वरले गर्ने न्यायनिशाफमा हामी किन भरोसा राख्नु पर्दछ? परमेश्वरले आफ्नै समयमा वा वर्तमान समयमा गर्नु हुने वा गरिरहनुभएको न्यायनिशाफको बारेमा हामीलाई दिइएको प्रतिज्ञा बिना जिउने आशाको अर्थ के छ?**

## ५. मुक्तिको थलो (हिब्रू ८:१,२)

**परमपिता परमेश्वरको सिहाँसनको सामु ख्रीष्टले के गरिरहनुभएको छ? हेर्नुहोस्ः हिब्रू ८:१,२ "हामीले भनेका मुख्य कुरा पनि यिनै हुन्, हाम्रा यस्ता प्रधान पुजाहारी हुनुहुन्छ, जो स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। २ उहाँले महापवित्र स्थानमा प्रधान पूजाहारी भएर सेवा गर्नुहुन्छ। यो महापवित्र स्थानचाहिँ मानिसले होइन तर परमेश्वरले टाँग्नुभएको साँचो पाल हो।"**

ख्रीष्ट चुप लागेर बस्नुभएको छैन बरू स्वर्गको महापवित्र स्थानमा हाम्रो निम्ति मूल पुजारीभएर काम गरिरहनुभएको छ भनेर हिब्रूको पुस्तकमा सिकाइएको छ। स्वर्गको पवित्र मन्दिरमा उहाँले गरिरहनुभएको कामले हामीहरूको मुक्तिलाई उहाँले केन्द्रविन्दु बनाइरहनुभएको छ भनेर देखाउँदछ (हिब्रू ९:२४ रूपान्तरित)। हामीमाथि उहाँको कृपा र दया वर्षाउनुहुन्छ। हामीलाई फर्काउने छैन भनेर उहाँले कबूल गर्नुभएको छ। बरू हामीले उहाँको सदाशयता र अनुग्रह प्राप्त गर्न सक्दछौं (हिब्रू ४:१५,१६)। हामीहरूले गर्ने धार्मिक क्रियाकलापले होइन तर उहाँले हाम्रो निम्ति के गर्नुभयो त्यसले गर्दा नै हामीले परमेश्वरको निगाहा पाउन सक्षम् हुन गएकाछौं। जसरी यस पृथ्वीमा भएको परमेश्वरको पवित्र मन्दिरमा गरिने विभिन्न क्रियाकलापले विश्वासीहरूको पाप क्षमा भएको र सफाई पाएको देखाइएको थियो त्यसरी नै ख्रीष्टले स्वर्गमा गरिरहनुभएको उहाँको क्रियाकलापले पापबाट हामी चोखो हुने प्रावधान मिलाइरहनुभएको छ भनेर देखाउँदछ (हिब्रू २:१७)। जुन ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो त्यही ख्रीष्ट हामीहरूको निम्ति

स्वर्गमा काम गरिहनुभएको छ। (धेरै मानिसहरू मसिह वा ख्रीष्ट वा मुक्तिदाता भनेर नआएको होइन र नआइरहेको होइन, तर तिनीहरू न त हाम्रो पापको निम्ति मरेका थिए न त मुक्तिको दायरामा रहेर हामी पापको अधिनमा नबसोस् भनेर स्वर्गमा हाम्रो निम्ति क्रियारत हुनुहुन्छ-अनुवादकको टिप्पणी)।

**परमेश्वरको पवित्र मन्दिरमा विभिन्न चिन्हहरू वा चिनाउने अर्थमूलक सामग्रीहरू आफ्नो दर्शनमा यूहन्नाले देखेका थिए। केही ती सामग्रीहरू देहायका पदहरुमा दिइएकाछन्। हेर्नुहोस्ः प्रकाश १ः१२-२० "मसित बोल्ने को हो भनी मैले फर्केर हेरें। मैले बत्ती राख्ने सात वटा सुनका सामदान देखें। १३ मैले सामदानहरूका बीचमा पाउसम्मै पुग्ने लामो पोशाक लाएका र छातीमा सुनको पेटी बाँधेका एक जना मानिसको पुत्रजस्तो देखें। १४ उहाँको केश ऊन वा हिँऊजस्तो सेतो थियो र उहाँका आँखा आगोका ज्वालाजस्ता बलेका थिए। १५ उहाँका पाउ आगोको भट्टीमा खारेर टल्काएको काँसाजस्तै चम्केका थिए र उहाँको आवाजचाहिँ छ्याँगाको गर्जनजस्तो थियो। १६ दाहिने हातमा उहाँले सातवटा तारा समात्नुभएको थियो र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको अनुहार दिउँसोको घामजस्तै चम्किरहेको थियो। १७ उहाँलाई देख्दा मरेसमान भई म उहाँको पाउमा लडें। मेरो टाउकोमा आफ्नो दाहिने हात राख्दै उहाँले भन्नुभयो, "नडराऊ, म आदि र अन्त हुँ। १८ जिउँदो हुनेचाहिँ म नै हुँ। म मरेको थिएँ, तर अब सधैंको लागि जिउँदो छु, मेरो हातमा मृत्यु र पातालका साँचाहरू छन्। १९ यसकारण तिमीले जे देख्छौ, लेख। अहिले घटिरहेका कुराहरू र पछि हुने दुवै कुराहरू लेख। २० तिमीले मेरो दाहिने हातमा भएका कुराहरू देखेका सातवटा ताराहरू र सुनका सातवटा सामदानको रहस्यचाहिँ यो हो कि सुनका यी सात वटा सामदानचाहिँ सात मण्डली हो र सात ताराचाहिँ यी सात मण्डलीका हेरचाह गर्ने दूतहरू हुन्।",** प्रकाश ८ः१-६ "थुमाले सातौं मोहर खोल्नुहुँदा आधा घण्टासम्म चकमन्न भयो। २ त्यसपछि मैले परमेश्वरको अगाडि उभिरहने सात जना स्वर्गदूत देखें। उनीहरूलाई सातवटा तुरही दिइएका थिए। ३ सुनको धुपौरो बोकेको अर्को एक जना स्वर्गदूत आएर वेदीनेर उभिए। परमेश्वरका भक्तजनका प्रार्थनासँग

सिंहासन अघिको सुनको वेदीमा चढाउन उनलाई धेरै सुगन्धित धूप दिइएको थियो। ४ परमेश्वरको अगाडि खडा रहेका स्वर्गदूतका हातबाट जलिरहेका धूपको धुवाँ परमेश्वरका भक्तजनहरूका बिन्ती-प्रार्थनाहरूसँग उँभो उठिरहेको थियो। ५ यसपछि ती स्वर्गदूतले धुपौरो लिएर त्यसमा वेदीको आगो भरे र पृथ्वीमा फ्याँकिदिए अनि गड्याङ्-गुडुङको आवाज आयो। बिजुली चम्क्यो र भूइँचालो गयो। ६ त्यसपछि ती सातवटा तुरही हुने सात जना स्वर्गदूत तुरही फुक्न तयार भए।", प्रकाश ११:१९ "तब स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर खोलियो र यहाँ वाचाको सन्दुक देखियो। त्यसपछि बिजुली चम्क्यो। डरलाग्दा आवाजहरू र गड्याङ्-गुडुङ सुनियो, भूइँचालो गयो र ठूला-ठूला असिनाहरू परे।", प्रकाश १५:५-८ "यसपछि मैले स्वर्गमा भएको परमेश्वरको मन्दिर खोलिएको र त्यसभित्रको पवित्र वासस्थान पनि देखें। ६ सातै विपत्ति बोकेका सात स्वर्गदूत त्यसैबाट निस्के। तिनीहरूले सफा र चम्कने लुगा लगाएका थिए र आफ्नो छातीमा सुनका फित्ता बाँधेका थिए। ७ तब ती चार जीवित प्राणीमध्ये एउटाले चाहिँ सातवटा सुनका बटुका ती सात जना स्वर्गदूतलाई दिए। ती सात बटुकामा सधैं बाँचिरहनुहुने परमेश्वरको क्रोध थियो। ८ परमेश्वरको सम्मान् र शक्तिबाट निस्कने धुवाँले मन्दिर भरिदियो र ती सात स्वर्गदूतले बोकेका सातै विपत्ति नसिध्याउञ्जेल कोही पनि त्यसभित्र पस्न सकेन।"

परमेश्वरको पवित्र मन्दिरमा भएका विभिन्न शाङ्केतिक सामग्रीहरू प्रकाशको पुस्तकमा जतातत‍ै छरिएकाछन्। माथीका केही पदहरू केवल केही साङ्केतिक सामग्रीहरूमात्र हुन्। अझ साँच्चिकै भनौं भने, प्रकाशको पुस्तकमा भएका प्रायजसो सबै उल्लेखनिय सामग्रीहरूको वर्णन गरिने क्रम पवित्र मन्दिरको दृश्यबाट सुरू भएको पाइन्छ।

ख्रीष्टले मूल पुजारीको वस्त्र पहिरेर सातवटा पानसमा हिँडिरहनुभएको दृश्य नै यूहन्नाले देखेका विभिन्न दर्शनहरूको प्रथम परिचयात्मक दृश्य थियो (प्रकाश १:१२-२०)। दोस्रो दृश्यमा स्वर्गको सिहाँसन बैठक यूहन्नाले देखेका थिए। स्वर्गमा मन्दिरमा भएका विभिन्न सामग्रीहरू साङ्केतिक भाषामा ती पदहरूले दिएका छन् जस्तैः सिहाँसान, पानस, समुद्र, मारिएको थुमा, रगत र धुप बाल्ने वा अत्तर भएका

सुनका कचौराहरू (प्रकाश ४,५)। स्वर्गको मन्दिरको प्रथम कोठामा येशू मूल पुजारी भएर सारा मानिसहरूको निम्ति क्रियाशील भइरहनुभएको तेस्रो दृश्य यूहन्नाले देखेका थिए (प्रकाश ८:२-६)। यूहन्नाले देखेका चौथौं महत्त्वपूर्ण दृश्यमा दोस्रो कोठा वा महापवित्र स्थानमा रहेको करारको सुनौलो सन्दुक थियो (जसमा दश आज्ञाका पाटीहरू थिए) (प्रकाश ११:१९)। स्वर्गको पवित्र मन्दिरको झलक पूर्ण रूपमा यूहन्नाले देखेकोचाहिँ पाँचौं दृश्य थियो (प्रकाश १५:५-८)। पवित्र मन्दिरको बारेमा केही पनि वाख्या नगर्ने अत्यन्त विशेष दृश्यचाहिँ छैठौं थियो। हनुसक्छ ख्रीष्टले मन्दिरको क्रियाकलापको समापन गर्ने त्यो दृश्य भएकोले त्यसलाई गोप्य राखिएको होला (प्रकाश १९:१-१०)। यस पृथ्वीमा ओर्लन्दै गरेको महिमित र तेजस्वीमय पवित्र शहर यूहन्नाले देखेका अन्तिम दृश्य थियो। त्यो आकाशमा ओर्लन्दै गरेको शहर परमेश्वरबाट आएको थियो भनेर यूहन्नाले चित्रण गरेका छन् (प्रकाश २१:१-८)।

यूहन्नाले आफ्नो दर्शनहरूमा देखेका ती विभिन्न दृश्यहरूलाई ध्यानपूर्वक अध्ययन गर्दा ती दृश्यहरू क्रमवद्ध रूपमा एक आपसमा गाँसिएको पाइन्छ। श्रृखलावद्धरूपमा देखाइएका ती दृश्यहरूले सारा मानिसहरूको निम्ति परमेश्वरले कसरी मुक्ति दिनुहन्छ भन्ने कदमहरू देखाइएका छन्: यस संसारमा ख्रीष्टको उपस्थितिदेखि स्वर्गको मन्दिरमा रहेको प्रथम् र दोस्रो कोठामा उहाँको पुजारिय काम र मूल पुजारी भएर टुङ्ग्याउने कामसम्म र अन्तमा नयाँ पृथ्वीमा पवित्र मन्दिर आएको।

## उपसंहार:

**थप जानकारी:** “प्रेरित पावलले स्वर्गको झलक पाएका थिए। त्यो स्थान यस्तो गौरवशाली र तेजस्वीमय थियो कि त्यसको बारेमा वाख्या नगर्न उनले निधो गरे। पावलले हामीलाई यसरी भन्दछन्, ‘आँखाले कहिलै नदेखेको, न त कानले नै कहिलै सुनेको, न त कुनै दिमागले बुझ्न सकेको त्यो स्थान छ जुन परमेश्वरलाई प्रेम गर्नुहुनेलाई उहाँले तयार गर्नुभएको छ’ (१ कोरन्थी २:९)। त्यसकारण स्वर्गको महिमा, गौरव, भव्यता, प्रताप, तेज आदिलाई कल्पना गर्न सक्ने गरी मानिसहरूले कल्पना त गर्लां, तर तिनीहरूको सिमित ज्ञान, कमजोर र परिश्रमले

लादिएको दिमागले बुझ्न सक्दैन। परमेश्वरको वचनको द्रव्य र गौरवहरू बुझ्न हामीलाई सारा अनन्त समय लाग्दछ।"-एलेन जी ह्वाइट, एसडीए बाइबल कमेन्टरी, ठेली ६, ११०७बाट रूपान्तरित।

"राजाहरूका महाराजा विराजमान हुनुहुने स्वर्गको घर वा पवित्र मन्दिरमा हजारौं हजार स्वर्गदूतहरू छन् जसले उहाँको सेवा गरिरहेका छन्। दसौं हजार गुणा दसौं हजार स्वर्गदूतहरू उहाँको सामु उभिरहेका हुन्छन् (दानिएल ७:१०)। सेराफिम अर्थात् छवटा पखेटा भएका स्वर्गदूत, परमेश्वरका तेजिला अङ्गरक्षकहरू आफ्ना अनुहारहरू छोपेर अत्यन्त आदरसाथ परमेश्वरको सामु उपासना गरिरहेका हुन्छन्। यस संसारमा मानिसहरूका हातले बनाएका जतिसुकै भव्य र गौरवशाली भवनभन्दा पनि स्वर्गमा भएको मन्दिरको शान, गौरब र सौन्दर्यता अपार छ। तैपनि, मानिसहरूको उद्धारको निम्ति जुन महान काम स्वर्गको मन्दिरमा भइरहेको थियो त्यसको चित्रण पृथ्वीमा भएको मन्दिरले देखाएर महत्त्वपूर्ण सत्यहरू सिकाएका थिए।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४१४बाट रूपान्तरित।

## चिन्तनमनन:

अ. हाम्रो मुक्तिको निम्ति पृथ्वीको पवित्र मन्दिर र त्यसमा गरिएका विभिन्न विधिहरूले महत्त्वपूर्ण सत्यहरू सिकाउँछन् भनेर एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको उदगारको अर्थ के हो? त्यसले सिकाएका केही सत्यहरू के हुन् र तिनीहरू किन महत्त्वपूर्ण छन्?

आ. परमेश्वर स्वर्गमा रहनुहुन्छ रे! त्यसको अर्थ के हो? त्यस तर्कलाई तपाईंले कसरी बुझ्नुहुन्छ?

इ. मानव कल्याणको निम्ति जुन काम परमेश्वरले गरिरहनुभएको छ त्यसलाई सम्पूर्ण जगतले चासो लिएर नियालीरहेका छन् भनेर यस अध्यायले छोएको छ। त्यो महत्त्वपूर्ण धारणा हामीले बुझ्नु किन जरुरी छ? येशू र सैतानको बीचमा भइरहेको महान् संग्रामको विषयवस्तुसँग मानव मुक्तिको निम्ति रचिएको मुक्तिको

सारा योजनाको सम्बन्ध बुझ्न त्यस सत्यले कसरी सहायता गर्दछ? परमेश्वरले हामीलाई यस्तरी प्रेम गर्नुहुन्छ कि उहाँको प्रेमलाई सारा जगतले जाँचेर हेरोस् भनेर आफूलाई उपलव्ध गराउनु भएको थियो भनेर पवित्र मन्दिरमा भएको विधिको आत्मज्ञानले हामीलाई उहाँको स्वभावको बारेमा सिकाउँछ भन्ने आत्मज्ञानले तपाईं के भन्नुहुन्छ?